श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईँ**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. २३५

पुनरावेदन नं. : ०७८-RB-००९९

पुनरावेदन दर्ता मिति २०७८।०६।०७

| | |
|---|---|
| गोरा बहादुर लामाको नाती कान्छा लामाको छोरा दोलखा जिल्ला चरिकोट न.पा.वडा नं.६ स्थायी घर भई हाल कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा रहेको वर्ष १९ को (राहदानी नं.१११६७०४२) सोनाम लामा..........१<br>काजि लामाको नाती धन बहादुर लामाको छोरा दोलखा जिल्ला चरिकोट न.पा.वडा नं. ६ घर भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा रहेको वर्ष २५ को (राहदानी नं.०७८१०२०५)सोनाम लामा..........१ | <u>पुनरावेदक</u><br>प्रतिवादी |

**विरूद्ध**

| | |
|---|---|
| त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत टंकनाथ लम्सालको प्रतिवेदनले नेपाल सरकार..........१ | <u>प्रत्यर्थी</u><br>वादी |

२०७८/०७९ सालको निर्णय नं. २३६

पुनरावेदन नं. : ०७८-RB-००९८

पुनरावेदन दर्ता मिति २०७८।०६।०५

| | |
|---|---|
| मकवानपुर जिल्ला टिकाउली ९ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.वडा नं. ७ बस्ने वर्ष २८ की सीता स्याङ्तान..........१ | <u>पुनरावेदक</u><br>प्रतिवादी |

## विरूद्ध

त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत टंकनाथ लम्सालको प्रतिवेदनले नेपाल सरकार.......................................................................१ } प्रत्यर्थी वादी

## मुद्दाः सुन समेतका मालवस्तु भन्सार चोरी पैठारी

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार प्रशासक श्री लक्ष्मीप्रसाद निरौला,

शुरु निर्णय गर्ने कार्यालय :- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,काठमाडौ

शुरु निर्णय मिति : २०७८/०४/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्धान अधिवक्ता श्री सुरेन्द्र कुवँर

प्रत्यर्थीको तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

त्रिभुवन विमान स्थल भन्सार, कार्यालयबाट भएको मिति २०७८।०४।२५ को निर्णय उपर चित्त नबुझी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## संक्षिप्त तथ्य :

१. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **FLY DUBAI** को उडान नं.FZ **8573** द्वारा दुवईबाट काठमाडौ आएका नेपाली राहदानी नं.०८४३५६६० वाहक सीता स्याङ्तान, नेपाली राहदानी नं.०७८१०२०५ वाहक सोनाम लामा र अर्का नेपाली राहदानी नं.१११६७०४२ वाहक सोनाम लामालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको रेड च्यानलमा चेकजाँच गर्ने क्रममा निजहरुको सुटकेशमा फल्स बटम फ्रेम बनाएर ल्याएको सेतो पदार्थले कोटेड गरिएको शंकास्पद धातु जम्मा ११८४।०५ ग्राम फेला परेको र सो बस्तुमा सुन मिसावट भएको जस्तो शंका भएकोले उक्त धातुको नेपाल सुन चाँदी व्यवसायी संघबाट परिक्षण पश्चात् कायम हुने परिमाण र मुल्य खुलेपछि सोही बमोजिम हुने भन्ने वेहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टंकनाथ लम्सालले गरेको मिति २०७७।०४।२५ गतेको बरामदी /खानतलासी मुचुल्का ।

२. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **FLY DUBAI** को उडान नं.FZ **8573** द्वारा दुबईबाट काठमाडौ आएका नेपाली राहदानी नं०८४३५६६० बाहक सीता स्याङ्तान, राहदानी नं.०७८१०२०५ बाहक सोनाम लामा र अर्का राहदानी नं.१११६७०४२ बाहक सोनाम लामालाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको रेड च्यानलमा चेकजाँच गर्ने क्रममा निजहरुको सुटकेशमा फल्स बटममा फ्रेम बनाएर ल्याएको सेतो

पदार्थले कोटेड गरिएको शंकास्पद धातु जम्मा ११८४।०५ ग्राम फेला परेको सो बस्तुमा सुन मिसावट भएको जस्तो शंका भएकोले उक्त धातुको नेपाल सुन चाँदी व्यवसायी संघबाट परिक्षण पश्चात कायम हुने परिमाण र मुल्य खुलेपछि सोही बमोजिम हुने गरी निज प्रतिवादीहरुले निजी गुण्टा झिटी भारी आदेश सम्बन्धि सूचना २०७६ समेत उल्लघंन गरेको देखिएकोले निजहरुलाई भन्सार ऐन,२०६४ बमोजिम कारवाही र कानून बमोजिम पुरस्कार समेत पाँउ भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टंकनाथ लम्साल समेतले मिति २०७७।०४।२६ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पेश गरिएको प्रतिवेदन ।

३. नेपाल सुन चाँदी व्यवसायी संघ क्षेत्रपाटी, काठमाडौको पत्र संख्या ०८-०७७/०७८ च.नं.०८ को पत्रबाट बरामदित उक्त बस्तुमा सुनको मात्रा रहेको भन्ने व्यहोरा खुलाएको पत्र।

४. भन्सार विभाग (प्रयोगशाला शाखा) को च.नं.३१ मिति २०७७।०४।२७ गतेको पत्रमा नमुना परिक्षण गर्दा Appearance Solid White Shinning Strip EDX Analysis Gold (Au) 50.240% Mercury (Hg) 45.745 %,Silicon (Si) 2.329% मात्रा भएको भनि पेश गरेको प्रमाणित प्रतिवेदन।

५. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **Fly Dubai** को उडान नं. FZ **8573** द्वारा दुबईबाट काठमाडौ आँउदा त्रिभुवन विमानस्थलको आगमन तर्फ रहेको भन्सार कार्यालयको काउण्टर शाखामा मैले ट्रलीमा राखेर ल्याएको व्याग चेकजाँच गर्दा भन्सारका कर्मचारीहरुले सुन भनि सेतो तार भएको धातु निकालेको उक्त धातु सुन भनेर सुन भन्सार चोरी पैठारी गरेको आरोपमा पक्राउ गरेको, बरामद भएको झोला सीता स्याङ्तानको हो । सीता स्याङ्तान प्रेगनेन्ट भएकोले धेरै सामान देखेर एयरपोर्ट बाहिरसम्म ल्याउन मद्दत गरेको हो।सो व्याग मेरो होइन अन्जानवश मबाट कुनै गल्ती भएको एक चोटीलाई माफ पाँउ भन्ने वेहोराको अधिकार प्राप्त अधिकारी समक्ष (राहदानी नं.०७८१०२०५) सोनाम लामाले मिति २०७७।०४।२८ मा गरेको बयान।

६. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **Fly Dubai** को उडान नं. FZ **8573** द्वारा दुबईबाट काठमाडौ आँउदा त्रिभुवन विमानस्थलको आगमन तर्फ रहेको भन्सार कार्यालयको काउण्टर शाखामा मेरो साथी सोनाम लामालाई कुरिरहेको अवस्थामा साथीले ल्याएको व्याग चेकजाँच गर्दा भन्सारका कर्मचारीहरुले सुन भनि सेतो तार भएको धातु निकालेको म नजिकै रहेको हुदाँ सुन भन्सार चोरी पैठारी आरोपमा पक्राउ गरेको हो।सो व्यागमा फल्स बटम बनाएर सुन मैले राखेको होइन भन्ने वेहोराको अधिकार प्राप्त अधिकारी समक्ष (राहदानी नं.१११६७०४२) सोनम लामाले मिति २०७७।०४।२८ मा गरेको बयान।

७. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **Fly Dubai** को उडान नं. FZ **8573** द्वारा दुबईबाट काठमाडौ आउने क्रममा त्रिभुवन विमानस्थलको आगमन तर्फ रहेको भन्सार कार्यालयको काउण्टर शाखामा म समेतको सुटकेश चेकजाँच गर्दा भन्सारका कर्मचारीहरुले सुन भनि सेतो तार जस्तो निकालेका उक्त सेतो पदार्थको बारेमा मलाई केही पनि थाहा नभएको,कोरोनाको कारणले काम विहिन भएर बसेको अवस्थामा नेपालबाट चार्टर फलाइट हुने भएपछि मेरो सामान धेरै भइ सामान राख्नको लागि सुटकेश किन्नु पर्ने भएकोले मेरो लागि झोला ल्याई दिनको लागि माया शेर्पा भन्ने दिदिलाई पैसा दिएको ,उहाँले नै सुटकेश किनेर

ल्याइदिनु भएको हो। दुबईमा काम गर्ने क्रममा करिब एक वर्ष अगाडी चिनेको हो। उसको तीन पुस्ते सहितका स्थायी ठेगाना मलाई थाहा छैन। सो सुटकेशमा फल्स बटम बनाएर सुन मैले राखेको होइन अन्जानवश मबाट कुनै गल्ती भएको एक चोटीलाई माफ पाउँ भन्ने समेत वेहोराको अधिकार प्राप्त अधिकारी समक्ष सीता स्याङ्तानले मिति २०७७।०४।२८ मा गरेको बयान।

८. प्रतिवादीहरुले दुबईबाट भन्सार छलि चोरी पैठारी गर्ने उद्देश्यले आफ्नो सुटकेशमा फल्स बटम बनाई लुकाई छिपाई राखेको अवस्थामा बरामद भएको सुन कसको भनि नखुलाए पनि उक्त सुन निजहरुकै सुटकेशबाट बरामद भएको भनि स्वीकार गरि चोरी पैठारी गर्ने उद्देश्यले नै ल्याएको स्पष्ट भएकाले निजहरुको उक्त कार्य भन्सार ऐन २०६४ को दफा २(च) तथा दफा ५७(१) बमोजिमको कसुर अपराध गरि ल्याएको देखियो। निज प्रतिवादीहरुले अवैध रुपमा लुकाई छिपाई ल्याएको बरामदित ११८४।५ ग्राम सामान मध्ये पठाएको नमुनाको भन्सार विभाग (प्रयोगशाला शाखा) बाट भएको **EDX Analysis** को अनुसार बरामदित बस्तुमा ५०.२४० प्रतिशतको दरले ५९५.०९२ ग्राम सुनको भाग रहेको र मर्करी ४५.७४५ को दरले ५४१.८४९ ग्राम भएको प्रयोगशालाको पत्र आधारमा देखिएको हुदाँ प्रतिवादीहरुले भन्सार छली चोरी पैठारी गरि ल्याएको उल्लेखित सुनको सुनचाँदी डिलर एसोसियसनको वेबसाइटमा प्रकाशित प्रति तोलाको मूल्य रु.१,०२,६००।— (एक लाख दुई हजार छ सय) को दरले ५१.०२० तोलाको हुने जम्मा रु.५२,३४,६१२.५९ (बाउन्न लाख चौतिस हजार छ सय बाह्र पैसा उनान्साठी) र मर्करी ५४१.८४९ ग्रामको इन्डिया मार्टको वेबसाइटमा उल्लेखित प्रति किलोग्राम भा.रु.६५००।— का दरले प्रति ग्राम रु.१०.४ को दरले हुने जम्मा रु.५,६३५.२४(पाँच हजार छ सय पैतिस पैसा चौबिस) समेत कुल जम्मा रु.५२,४०,२४७.८३(बाउन्न लाख चालिस हजार दुई सय सतचालिस पैसा त्रियासी ) विगो कायम गरी भन्सार ऐन,२०६४ को दफा ५७(१ग) बमोजिम बरामदित उल्लेखित सुन, मर्करी समेतको ११८४।५ ग्राम जफत गरी प्रतिवादीहरुलाई विगो बमोजिम जरिवाना र ऐ.ऐनको दफा ५७(१ग) को खण्ड (ग) बमोजिम हदै सम्मको कैद सजाय मागदावी लिई अनुसन्धान अधिकृतबाट मिति २०७७।५।१० मा पेश गरेको अभियोगपत्र।

९. मिति २०७७।०४।२५ गते करिब दिउँसो ५ बजे **FLY DUBAI** उडान नं.FZ **8573** द्वारा दुबईबाट काठमाडौं आउने क्रममा त्रिभुवन विमानस्थलको आगमनतर्फ रहेको त्रिभुवन विमानस्थल भन्सारका कर्मचारीहरुले सुन भनि सेतो तार जस्तो निकालेका, सुन चोरी पैठारी गरेको आरोपमा मलाई पक्राउ गरि मेरो झोलाबाट बरामद गरेको सेतो तार जस्तो बस्तुको बारेमा मलाई थाहा नभएको, कोरोनाको कारणले दुबईमा लामो समय काम विहिन भइ बसेको अवस्थामा नेपालबाट चार्टर फ्लाइट हुने भई नेपाल फर्किने क्रममा सामान धेरै भई सुटकेशहरु किन्नको लागि नभ्याई म पिसिआर गर्नको लागि गएको र मेरो लागि झोला ल्याईदिनको लागि माया शेर्पालाई दुबईमा काम गर्ने क्रममा करिव एक वर्ष अगाडी चिनजान भएकोले पैसा दिई बजारबाट सुटकेश किनेर ल्याई दिनुभएको हो। उसको तिनपुस्ते सहितको ठेगाना समेत मलाई थाहा छैन। मसँगै पक्राउ परेका मानिसहरुलाई दुबईमा पिसिआर गर्ने क्रममा चिनेको हो। सुन बरामद भएको सुटकेश मेरै नाममा दर्ता रहेको ,सुटकेश माया शेर्पा दिदिले किन्नि ल्याएकोले सो सुटकेशमा फल्स बटम बनाएर सुन मैले राखेको होइन। उक्त सुन मेरो होइन अन्जानवश

भएको गल्तीलाई एकपटकको लागी माफ पाँउ भन्ने समेत वेहोराको मुद्दा हेर्ने अधिकारी समक्ष सीता स्याङ्तानले मिति २०७७।०५।१० मा गरेको बयान।

१०. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **FLY DUBAI** उडान नं.**FZ 8573** द्वारा दुबईबाट काठमाडौं आउने क्रममा त्रिभुवन विमानस्थलको आगमनतर्फ रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको काउन्टर शाखा नजिक मेरो साथी सोनाम लामालाई कुरिरहेको अवस्थामा साथीले ल्याएको व्याग चेकजाँच गर्दा सुन भनी सेतो तार जस्तो निकालेको, म पनि नजिक रहेको हुँदा सुन चोरी पैठारी गरेको आरोपमा मलाई पक्राउ गरेको, सो झोला मेरो नभई सीता स्याङ्तानको हो।उक्त वस्तुको बारेमा मलाई थाहा छैन। सीता स्याङ्तानलाई नेपाल आउनुभन्दा अघिल्लो दिन पिसिआर गर्ने क्रममा देखेको, सोनाम लामा मेरै गाँउको र सो व्यागमा फल्स बटम बनाएर सुन मैले राखेको पनि होइन। सुन मेरो पनि होइन भन्ने समेत वेहोराको मुद्दा हेर्ने अधिकारी समक्ष (नेपाली राहदानी नं. १११६७०४२) वाहक सोनाम लामाले मिति २०७७।०५।१० मा गरेको बयान।

११. मिति २०७७।०४।२५ गते दिउँसो करिब ५ बजेको समयमा **FLY DUBAI** उडान नं.FZ **8573** द्वारा दुवईबाट काठमाडौं आउने क्रममा त्रिभुवन विमानस्थलको आगमनतर्फ रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको काउन्टर शाखामा मैले ट्रलीमा राखेर ल्याएको व्याग चेकजाँच गर्दा सुन भनी सेतो तार जस्तो धातु निकालेको, सुन चोरी पैठारी गरेको आरोपमा मलाई पक्राउ गरि मैले गुडाएर एयरपोर्टबाट बाहिर ल्याउन लागेको झोलाबाट बरामद गरेको सेतो तार जस्तो वस्तुको बारेमा मलाई थाहा नभएको, सो झोला मेरो नभई सीता स्याङ्तानको हो। सीता स्याङ्तानलाई नेपाल आउनुभन्दा अघिल्लो दिन पिसिआर गर्ने क्रममा देखेको निज प्रेगनेन्ट रहिकोले उनको धेरै सामान देखेर नेपाल एयरपोर्ट बाहिरसम्म ल्याउन मद्दत गरेको हुँ।माया शेर्पालाई चिन्दिन, सोनाम लामा मेरै गाँउको हो।सो व्यागमा फल्स बटम बनाएर सुन मैले राखेको पनि होइन, सुन मेरो पनि होइन भन्ने समेत वेहोराको मुद्दा हेर्ने अधिकारी समक्ष (नेपाली राहदानी नं. ०७८१०२०५) वाहक सोनाम लामाले मिति २०७७।०५।१० मा गरेको बयान।

१२. निज प्रतिवादीहरुले ल्याएको सुटकेश त्रिभुवन विमानस्थल भन्सार कार्यालयको काउन्टर शाखामा चेकजाँच गर्दा सुन समेतको रु.५२,४०,२४७.८३(बाउन्न लाख चालिस हजार दुई सय सतचालिस पैसा त्रियासी) बराबरको ११८४.५ ग्राम वस्तु फेला परेको सम्बन्धमा उक्त सुन समेतको बस्तु आफ्नो सुटकेशमा लुकाई छिपाई राखेको अवस्थामा निज प्रतिवादीहरुकै सुटकेशबाट बरामद भएको उल्लेखित परिमाणको सुन समेतका वस्तु वैध हो भनी प्रतिवादीहरुले प्रमाण पेश गर्न नसकेको संकलित तथ्य समेतको विश्लेषणबाट तत्काल प्राप्त प्रमाणको आधारमा प्रतिवादीहरुले भन्सार छली सुन समेतका वस्तु चोरी पैठारी गर्दै गर्दाको अवस्थामा चोरी पैठारीको सामान सहित पक्राउ परी निजहरुले भन्सार चोरी पैठारी गरेको भन्ने मनासिव आधार देखिंदा पछि थप प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी निजले गरेको कसुरको आधारमा कसुर ठहरे निजहरुलाई भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम विगो बमोजिम जरिवाना र ऐ.ऐनको दफा ५७ को उपदफा (१ग) को खण्ड (ग) बमोजिम एक वर्ष कैद सजाय समेत हुने भएकोले बरामद सुन समेतका सामान सुरक्षित राखि निज प्रतिवादीहरुलाई

ऐ.ऐनको दफा ४१(३) बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय काठमाडौ जगन्नाथदेवलमा थुनामा राख्न पठाउनु भनि मिति २०७७।०५।१० गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको थुनछेक आदेश।

१३. सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०६।०७ को उत्प्रेषण आदेश र निज प्रतिवादी सीता स्याङ्तान गर्भवती रहीकोले निजको शारीरिक एवं मानसिक अवस्थामा हुन सक्ने असरलाई मध्यनजर गरी पछि बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी कसुरको प्रकृति र गम्भिरता, बरामद मालवस्तुको भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१ग) अनुसार विगो बमोजिम हुने जरिवाना र ऐ.ऐनको सोही दफाको उपदफा(१ग) को खण्ड(ग )बमोजिम हुन सक्ने एक वर्षसम्मको कैद सजाय समेतलाई विचार गरी जम्मा रु.५३,४९,७४७.८३(त्रिपन्न लाख उनान्चास हजार सात सय सतचालिस पैसा त्रियासी) भन्सार ऐन,२०६४ को दफा ४१(१) बमोजिम नगद धरौटी माग गर्ने र माग बमोजिमको रकम दाखिला गरे तारेखमा छाडिदिनु, धरौटी दाखिला नगरे कारागार कार्यालय काठमाडौ जगन्नाथदेवलमा थुनामा राख्नु भनी भन्सार ऐन,२०६४ को दफा ५७क बमोजिम मिति२०७७।०६।२२ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको पुनः थुनछेक आदेश।

१४. तत्काल प्राप्त प्रमाणका आधारमा निजहरु कसुरदार होइनन् भन्न सकिने अवस्था नरहे पनि भन्सार ऐन,२०६४ को दफा ५७(१ग)(१)तथा ऐ.खण्ड (ग) समेत बमोजिम कसूर सजायको अभियोग दावी रहेका स्थितिमा सपठित ऐनको दफा ४१ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ अनुसार धरौटी लिई मुद्दाको पूर्पक्ष गर्नुपर्ने र यी प्रतिवादीहरुलाई धरौटीमा छाड्दा निजहरुले प्रमाण लोप गर्न सक्ने भन्ने तथ्ययुक्त आधार समेत नदेखिएकोले निज प्रतिवादीहरुलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७७।५।१० मा भएको आदेश मिलेको नदेखिंदा बदर गरी प्रतिवादीहरु सोनाम लामा (राहदानी नं.०७८१०२०५) र सोनाम लामा (राहदानी नं.११११६७०४२) लाई भन्सार ऐन ,२०६४ को दफा ४१ एंव मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८ समेत बमोजिम जनही रु.१८,२५,०००।—(अठार लाख पच्चीस हजार) धरौटी दिए लिई तारेखमा राख्ने नदिए थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०८।०८ मा भएको आदेश।

१५. बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीहरुको बयानमा कहीँ कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएको, निजी प्रयोगका मालवस्तु सम्बन्धी अर्थ मन्त्रालयबाट मिति२०७७।०२।१५ गते देखि लागु हुने गरी जारी सूचनाको दफा ७ बमोजिम तथा भन्सार ऐन,२०६४ को दफा २(च) तथा दफा ५७(१) बमोजिमको कसुर अपराध गरी ल्याएको ठहर्छ। प्रतिवादीहरुले उल्लेखित परिमाणको सुन समेतका मालवस्तु चोरी पैठारी गरी ल्याएको ठहरेको हुदाँ बरामदित सुन समेतको मालवस्तुको जम्मा रु.५२,४०,२४७।८३ (बाउन्न लाख चालिस हजार दुई सय सतचालिस पैसा त्रियासी) बिगो कायम गरी भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१ग) को बमोजिम बरामदित उल्लेखित सुन समेतका मालवस्तु जफत हुने र प्रतिवादीहरुलाई जनही विगो रकमको दामासाहीले हुने रु.१७,४६,७४९।२७(सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा

सत्ताइस) जनही जरिवाना तथा ऐ.ऐनको दफा ५७(१ग) बमोजिम तीन महिना जनही कैद हुने ठहर्छ भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौंबाट मिति २०७८।०४।२५ मा भएको निर्णय।

१६. त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौंबाट मिति २०७८।४।२५ मा भएको निर्णय कानुन सम्मत छैन। बरामद भएको सुन रहेको लगेज हामी पुनरावेदकहरुको नाममा रहेको लगेज होइन। उक्त सामान हाम्रो साथबाट बरामद भएको तथा हामीले ल्याएको लगेजबाट बरामद भएको पनि नभई केवल आफुहरुसंगै दुवैबाट आउनु भएकी सीता स्याङ्तानले के कसरी ल्याएको हो सो समेत नबुझि केबल शंका र अनुमानको आधारमा गरेको निर्णय फैसला सर्वोच्च अदालतबाट ने.का.प.२०६४ नि.नं.७८९३ पृष्ठ १३६८ समेतमा प्रतिपादित सिद्धान्त प्रतिकूल हुदाँ उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी हामीलाई आरोपित कसुरबाट सफाइ दिने गरी न्याय इन्साफ पाउ भन्ने समेत व्यहोराको प्रतिवादीद्वय सोनाम लामाको तर्फबाट मिति २०७८।०६।०७ मा यस न्यायाधिकरणमा दायर भएको पुनरावेदन पत्र।

१७. म पुनरावेदिका प्रेगनेन्ट अवस्थाको भई नेपाल आउने क्रममा व्याग खरिदको लागि अन्य व्यक्तिलाई भन्दा निजले अवैध सुन झुक्याइ हाली दिएको कारण म फस्न गएको हो।मैल जानी बुझि ल्याएको होइन।मेरो हकमा शंका रहित रुपमा अभियोग प्रमाणित भएको छैन। त्यसैले अनुमान र शंकाको आधारमा भएको शुरु निर्णय बदरभागी छ।साथै म शुरु कार्यालयबाट तोकिएको तारेखमा रुजु हाजिर रहेको छु।तारेख गुजारी फरार रहेको भनि मैले राखेको धरौटी मध्ये जरिवाना वापतको रकम कट्टा गरी बांकी रकम जफत गर्ने गरी भएको निर्णय कानुन प्रतिकूल छ।कुन मिति देखि मैले तारेख गुजारेको हो भन्ने कुरा खुलाइएको पनि छैन। त्यसैले शुरु निर्णय उल्टी गरी मेरो धरौटीमा रहेको रकम फिर्ता दिलाई पाउ भन्ने समेत व्यहोराको प्रतिवादी सीता स्याङ्तानले मिति २०७८।६।५ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

१८. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०८।१० गते यस न्यायधिकरणबाट भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१९. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरेन्द्र कुवँरले यी प्रतिवादीहरु दुबई स्थित कम्पनीमा काम गर्दै आएकोमा कोरोना भाइरसका कारणले कम्पनी बन्द भई खान बस्न समेत कठिन भई नेपाल फर्कने क्रममा पिसिआर गर्ने बेला अर्का प्रतिवादी सीता स्याङ्तान संग चिनजान भई निज प्रेगनेन्ट भएको शारिरिक अवस्थालाई हेरी मानवीयताको आधारमा निजको लगेज उठाई ट्रलीमा राखी निजसंग आएको अवस्थामा पक्राउ परेका हुन। त्यस्तै प्रतिवादी सीता स्याङ्तान प्रेगनेन्ट भई रहेको शारिरिक अवस्थालाई ध्यानमा राखी नेपाल फर्कने क्रममा आफ्नो सामान नअटी नयाँ व्याग खरिदको लागि अन्यलाई भन्दा निजले झुक्याई अवैध सुन हाली दिएकोले पक्राउ परेको भनि

साविती बयान समेत गरेकोमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौले थप प्रमाण समेत नबुझी, भन्सार ऐन,२०६४ को दफा ५७ (१) बमोजिमको कसुर नगर्दा पनि अनुमानको भरमा कसुरदार कायम गरेको शुरु फैसला कानुनी त्रुटीपूर्ण हुनाको साथै सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेकोले शुरु कार्यालयको निर्णय बदर गरि निजहरुले सफाई पाउनुपर्छ भनि प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

२०. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले प्रतिवादीहरुबाट बरामद भएको सुन निजहरुकै रहेको, मिति २०७७/०४/२५ गते दुबई हुंदै नेपाल आउने क्रममा आफ्नो सुटकेशमा फल्स बटम बनाएर सुन जस्तो सेतो तार बस्तु लुकाइ ल्याएको, सो सुटकेश समेत निजहरुकै साथबाट बरामद भएको साविती बयान समेतमा सुटकेश मेरो आफ्नो हो भनि स्वीकार गरेको अवस्था देखिन्छ। बरामदित सुन निज प्रतिवादीहरुले आफुबाट बरामद नभएको भन्ने प्रमाण समेत प्रस्तुत गरिएको पाईदैन।भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम निजहरुले कसुर गरेको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

२१. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा पुनरावेदकहरु तर्फका विद्वान अधिवक्ता तथा प्रत्यर्थी वादी तर्फका उपन्यायाधिवक्ताले गर्नु भएको बहस जिकीरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा मुलतः देहायमा प्रश्नमा निर्णय दिनुपर्ने देखियोः-

(क) प्रतिवादीहरुलाई अभियोगपत्र माग दावी बमोजिमको कसुरमा कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको शूरु फैसला मिलेको छ वा छैन?

(ख) पुनरावेदक प्रतिवादी सीता स्याङ्तानले राखेको धरौटी रकम जफत हुनुपर्ने हो वा होइन ?

(ग) प्रतिवादीहरुको पुनरावेदन जिकीर पुग्न सक्छ वा सक्दैन?

२२. निरुपण गर्नुपर्ने पहिलो प्रश्न तर्फ विचार गर्दा, प्रतिवादीहरु सीता स्याङ्तान, वर्ष १९ का सोनाम लामा (पासपोर्ट नं.१११६७०४२) ,वर्ष २५ का सोनाम लामा (पासपोर्ट नं.०७८१०२०५) उपर भन्सार ऐन,२०६४ को दफा २(च) तथा दफा ५७(१) को कसुरमा सोही ऐनको दफा ५७(१ग) को खण्ड (ग) बमोजिमको सजायको मागदावी लिइ अभियोग पत्र दायर भएको देखिन्छ।भन्सार ऐन,२०६४ को दफा २ को खण्ड(च) मा चोरी पैठारी भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी लुकाइ छिपाइ वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भएपनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल ल्याउने कार्य सम्झनु पर्छ भनी चोरी पैठारीको परिभाषा गरिएको देखिन्छ भने सोही ऐनको दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ।

२३. प्रतिवादीहरु मिति २०७७।४।२५ गते **FLY DUBAI** को उडान नं.**FZ8573** बाट काठमाडौ आएका र उनीहरुले ल्याएको राहदानी नं.०७८१०२०५ वाहक सोनाम लामाले ट्रलीमा राखेर

ल्याएको सुटकेशबाट ११८४.०५ ग्राम सुन जस्तो वस्तु बरामद भएको भन्ने मिति २०७७।०४।२५ को बरामदी/खानतलासी मुचुल्काबाट देखिन आयो।उक्त बरामदी मुचुल्कामा तीनै जना प्रतिवादीहरु रोहबरमा बसी सहिछाप गरेको देखियो। बरामद भएको वस्तुको नमूना परिक्षणको लागी भन्सार विभागमा पठाएकोमा नमुनामा **Gold(Au), Mercury(Hg)** र **Silicon(Si)** समेत रहेको परिमाण प्राप्त भएको भन्ने मिसिल संलग्न भन्सार विभागको मिति २०७७।४।२७ को परिक्षण परिणाम सम्बन्धी पत्रबाट देखिएको छ। मौकामा तहकिकात अधिकृत समक्ष बयान गर्दा प्रतिवादी सीता स्याङ्तानले म समेतको सुटकेशबाट सुन बरामद भएको हो,मैले भन्सारमा घोषणा गरेको छैन पक्राउ परेका प्रतिवादीहरु मैले दुबईमा पिसिआर गर्ने क्रममा चिनेको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ भने राहदानी नं.१११६७०४२ वाहक सोनाम लामाले सुन बरामद भएको सुटकेश सीता स्याङ्तानको हो, भन्सार कार्यालयको काउण्टर शाखा नजिक मैले साथी सोनाम लामालाई कुरिरहेको अवस्थामा साथीले ल्याएको सुटकेशबाट सुन जस्तो धातु बरामद भई म समेत पक्राउ परेको हो। अन्जानवस मबाट कुनै गल्ती भएको भए एक चोटीलाई माफी पाउ भन्ने व्यहोरा खुलाएको पाइन्छ र त्यसै गरी अर्को प्रतिवादी राहदानी नं.०७८१०२०५ वाहक सोनाम लामाले मैले ट्रलीमा राखेर ल्याएको व्याग जांच गर्दा सुन जस्तो धातु फेला परेको हो ।उक्त व्याग सीता स्याङ्तानको हो। उनी प्रेगनेन्ट रहेकोले एयरपोर्टमा बाहिर सम्म ल्याउन मद्दत गरेको हो।मलाई कारवाही हुनुपर्ने होइन। अन्जानवस मबाट कुनै गल्ती भएको भए एक चोटीलाई माफी पाउ भन्ने व्यहोरा उल्लेख गरेको पाइयो।

२४. प्रतिवादीहरुले मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७७।५।१० मा बयान गर्दा समेत मुलतः मौका कै व्यहोरा हुबहु लेखाएको देखिन्छ। प्रतिवादी मध्येकी सीता स्याङ्तानले सुन बरामद भएको सुटकेश किन्न माया शेर्पा भन्ने दिदीलाई पठाएको भनेपनि निजले नै बरामद सुन सुटकेशमा राखेको भनि स्पष्ट भन्न सकेको पाइदैन।माया शेर्पाको स्पष्ट सम्पर्क नम्बर र वतन समेत खुलाउन नसकेको र रु.५२,३४,६१२।—(बाउन्न लाख चौतिस हजार छ सय बाह्र रुपैया) रकम विगो भएको ११८४.०५ ग्राम सुन यी प्रतिवादीलाई नभनीकन त्यतिकै निजले सुटकेशमा राखिदिइन होला भन्ने तथ्य विश्वास प्रद पनि देखिन आउदैन। प्रतिवादी सीता स्याङ्तानले मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा अन्जानमा गल्ती भई हाल्यो कानुन बमोजिम भए मन्जुर छ भनी आरोपित कसूरमा सावित भई बयान गरेको देखिंदा केवल शंका र अनुमानको भरमा कसूरदार ठहर गरियो भन्ने निजको पुनरावेदन जिकीरसंग सहमत हुन सकिने अवस्था देखिएन।

२५. अन्य प्रतिवादीद्वय सोनाम लामाको हकमा हेर्दा राहदानी नं.१११६७०४२ वाहक सोनाम लामा र राहदानी नं.०७८१०२०५ वाहक सोनाम लामा प्रतिवादी सीता स्याङ्तानसंग दुबईमा पिसिआर गराउने क्रममा परिचित रहेको, निजहरु मध्ये राहदानी वाहक ०७८१०२०५ को सोनाम लामाले बरामद सुन रहेको सुटकेश ट्रलीमा ल्याइरहेको अवस्थामा पक्राउ परेका, निजहरुसंग आफूले सहयोग सम्म माग गरेको, कसूरमा संलग्न नरहेको भनी सह-प्रतिवादी सीता स्याङ्तानले भन्न नसकेको र मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा यी दुवै जना प्रतिवादीहरुले स.ज.१० मा अभियोग स्वीकार गरी कानुन बमोजिम भए मन्जुर छ भनी बयान गरेको समेत देखिन आउँछ।

२६. यस स्थितिमा मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवेदन व्यहोरा, बरामद धातु परीक्षण प्रतिवेदन, प्रतिवादीहरुको बयान समेतका प्रमाणबाट प्रतिवादीहरु तीनै जनाको मत सल्लाहमा भन्सार लाग्ने सुन जस्तो मालवस्तु लुकाइ छिपाइ, भन्सारमा घोषणा नगरी प्रतिवादीहरुले सुन चोरी पैठारीको कसुरजन्य कार्य गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुर गरेको पुष्टी भइरहेको हुंदा बरामद मालवस्तु जफत गरी निजहरुलाई सोही ऐनको दफा ५७(१ग) को खण्ड (ग) बमोजिम जनही रु.१७,४६,७४९।२७ (सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा सत्ताइस) जरिवाना र जनही तीन महिना कैद सजाय हुने ठहऱ्याएको शुरु फैसला मनासिव देखिंदा अन्यथा भन्न मिल्ने देखिएन।

२७. जहांसम्म आफूहरुलाई केबल शंका र अनुमानको भरमा दोषी ठहऱ्याइएको हुंदा शुरु फैसला सर्वोच्च अदालतबाट नि.नं.९६३९, ७२८५ र ७८९३ समेतमा प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल रहेको भनी प्रतिवादीहरुले पुनरावेदन पत्रमा लिएको जिकीर छ, सो सम्बन्धमा हेर्दा यी प्रतिवादीहरु उपरको अभियोग खानतलासी/ बरामदी मुचुल्का, मौकाको प्रतिवेदन,बरामद सुन परिक्षण प्रतिवेदन तथा प्रतिवादीहरुको मौकाको र मुद्दा हेर्ने अधिकारी समक्षको बयान समेतका मिसिल संलग्न ठोस प्रमाणबाट पुष्टि भइरहेको देखिएको छ। यी प्रतिवादीहरुलाई केबल अभियोग पत्र र सह अभियुक्तको पोलको आधारमा मात्र दोषी ठहर गरेको अवस्था नहुंदा डांका र कर्तव्य ज्यान मुद्दा लगायतका फौजदारी मुद्दामा फरक तथ्यगत अवस्था र वारदातको सन्दर्भमा प्रतिपादित उपर्युक्त नजिर सिद्धान्तको प्रतिकूल फैसला भयो भन्ने प्रतिवादीहरुको उक्त पुनरावेदन जिकीरसंग पनि यो इजलास सहमत हुन सकेन।

२८. अब प्रतिवादी सीता स्याङ्तानले थुनछेकको आदेश बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा मिति २०७७।६।२२ राखेको रु.५३,५०,०००।—(त्रिपन्न लाख पचास हजार) धरौटी रकम मध्ये निजलाई फैसलाले लागेको रु.१७,४६,७४९।२७(सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा सत्ताइस) कट्टा गरी बांकी रकम निजले पेशी तारेखमा उपस्थित नभई फरार रहेको हुंदा उक्त रकम जफत गर्ने गरी भएको शुरु फैसला मिले नमिलेको के रहेछ भनी हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७५ को उपदफा (१) मा यस परिछेच्द बमोजिम धरौट राख्ने व्यक्ति अदालत समक्ष तोकिएको तारेखमा उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुनेछ भन्ने कानुनी व्यवस्था रहेको देखियो।यी प्रतिवादी सीता स्याङ्तानले त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौका प्रमुख भन्सार प्रशासकले मिति २०७७।६।२२ को आदेश बमोजिम माग भएको धरौटी रकम रु.५३,४९,७४७.८३ भन्दा बढी रकम रु.५३,५०,०००।—सोही दिन राष्ट्रिय वाणिज्य बैंकमा रहेको भन्सार कार्यालयको खातामा जम्मा गरी शुरु भन्सार कार्यालयले तोकेको तारेखमा नियमित रुपमा हाजिर रहेको र निजले मिति २०७८।४।२५ गते पेशी तारेख लिएकोमा सोही दिन प्रस्तुत मुद्दा फैसला भएको देखिन आयो।मुद्दा फैसला भईसकेपछि पक्षले तारेख लिन नपर्ने हुंदा पेशीको दिन उपस्थित भई फैसला सुनी पाएको कागज नगरेको आधारमा मात्र पक्षले तारेख गुजारेको भनी अर्थ गर्न मिल्ने देखिदैन ।त्यसैले यी पुनरावेदक प्रतिवादी सीता स्याङ्तान शुरु भन्सार कार्यालयले तोकेको तारेखमा रुजु हाजिर रहेको मिति २०७८।४।२५ मा मुद्दा पेश हुने जानकारी सहितको पेशीको तारेख समेत लिएको र सोही मितिमा प्रस्तुत मुद्दाको फैसला भएको

देखिंदा यी प्रतिवादीको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७५ को कानूनी व्यवस्था आकर्षित हुने अवस्था नदेखिंदा प्रतिवादी सिता स्याङ्तानले राखेको धरौटी रकमबाट निजको हकमा तोकिएको जरिवाना रकम कट्टा गरी बांकी धरौटी रकम मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७५ बमोजिम जफत गर्ने गरी फैसलाको तपसिल खण्ड को प्रकरण नं.२ मा लेखिएको व्यहोरा कानुन सम्मत नदेखिंदा सो हदसम्म शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौको शुरु निर्णय केही उल्टी भई प्रतिवादीले राखेको धरौटी रकम निजले फिर्ता पाउनुपर्ने देखियो।

२९. तसर्थ यी प्रतिवादी सीता स्याङ्तान, नेपाली राहदानी नं.१११६७०४२ बाहक सोनाम लामा र नेपाली राहदानी नं.०७८१०२०५ बाहक सोनाम लामाले रु.५२,३४,६१२(बाउन्न लाख चौतिस हजार छ सय पैसा बाह्र) मुल्य पर्ने ५९५.०९५ ग्रामा सुन चोरी पैठारी गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसूर गरेको ठहऱ्याई बरामद सुन जफत हुने र निजहरुलाई जनही रु.१७,४६,७४९।२७( सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा सत्ताइस) जरिवाना र जनही कैद तीन महिना हुने गरी सजाय निर्धारण गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकको मिति २०७८।०४।२५ को निर्णय सो हदसम्म मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी सीता स्याङ्तानले भन्सार कार्यालयबाट मिति २०७८।०४।२५ मा तोकिएको पेशी तारेख लिएको र सोही मितिमा मुद्दा फैसला भएको स्थितिमा निजको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७५ आर्कषित हुने नदेखिंदा प्रतिवादी सीता स्याङ्तानले राखेको धरौटी रु.५३,४९,७४७ (त्रिपन्न लाख उनान्चास हजार सात सय सतचालिस रुपैया ) जफत गरेको हदसम्म शुरु फैसला मिलेको नदेखिंदा केही उल्टी भई उक्त धरौटी रकमबाट प्रतिवादीलाई लागेको जरिवाना रु.१७,४६,७४९।२७( सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा सताइस) कट्टा गरी बांकी रकम रु.३६,०२,९९७।७३( छतिस लाख दुई हजार नौ सय सतानब्बे पैसा त्रिहत्तर) प्रतिवादीले फिर्ता पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सीता स्याङ्तानले राखेको धरौटी रु.५३,४९,७४७(त्रिपन्न लाख उनान्चास हजार सात सय सतचालिस रुपैया) जफत गरेको हदसम्म शुरु फैसला केही उल्टी भई उक्त धरौटी रकमबाट प्रतिवादीलाई लागेको जरिवाना रु.१७,४६,७४९।२७(सत्र लाख छयालिस हजार सात सय उनान्चास पैसा सताइस) कट्टा गरी बांकी रकम रु.३६,०२,९९७।७३(छतिस लाख दुई हजार नौ सय सतानब्बे पैसा त्रिहत्तर) निजले फिर्ता पाउने ठहरेकोले यो फैसलाले लागेको दण्ड जरिवाना असुल भएको निस्सा सहित उक्त धरौटी रकम फिर्ता माग गर्न आए निजलाई फिर्ता दिनु भनि शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौलाई लेखी पठाइदिनू.................................१

यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पठाइदिनु..........................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ..........................................................................................३

सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू..........................................................................................................४

प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाई दिनू.........५

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमत छ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री सनिता लामा

इति सम्बत २०७८ साल चैत २२ गते रोज ३ शुभम...........................................................

फैसला प्रमाणिकरण मितिः
प्रमाणिकरण गर्ने लेखा सदस्य(पुष्प प्रसाद गुरागाईं):
न्यायाधिकरणको छापः